REGIONAL NEWS UNIT

BROADCAST: 18:40hrs DATE: 18.01.2026

आकाशवाणी

**राज्यपाल ओम प्रकाश माथुरले दिनुभयो सिक्किमवासीहरूलाई सोनाम लोछारको शुभकामना**

राज्यपाल ओम प्रकाश माथुरले सोनाम लोछारको अवसरमा सिक्किमका जनतालाई शुभकामना व्यक्त गर्नुभएको छ।

श्री माथुरले भन्नुभयो, “सोनाम लोछारको पर्वको अवसरमा म सिक्किमका जनता, विशेष गरी तामाङ समुदायलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु। हाम्रा चाडपर्वहरूले हामीलाई हाम्रो समृद्ध संस्कृति र परम्पराको कदर गर्ने अवसर प्रदान गर्दछन्, र विभिन्न समुदायहरू बीचको प्रेम, सद्भाव र सामाजिक एकतालाई पनि बलियो बनाउँछन्, जसले 'एक भारत, सर्वोत्तम भारत- को भावनालाई जीवन्त बनाउँछ।”

सोनाम लोछार तामाङ समुदायको सांस्कृतिक सम्पदाको उत्सवमात्र नभई सिक्किममा सांस्कृतिक सद्भाव र सामाजिक एकतालाई प्रवर्द्धन गर्ने अवसर पनि हुनुपर्छ, श्री माथुरले भन्नुभयो।

यसरी नै उहाँले यो शुभ अवसरले सबै सिक्किमेलीहरूमा माझ समृद्धि, सद्भाव, शान्ति र कल्याण ल्याउने कामना गर्दै, सिक्किमेलीहरूको साझा सांस्कृतिक सम्पदाको संरक्षण गर्न र सिक्किमलाई अझ समृद्ध, एकताबद्ध र प्रगतिशील राज्य बनाउन एकजुट भएर काम गर्न पनि आग्रह गर्नुभयो।

**मुख्यमन्त्रीले पाक्योङको थुम्की र अम्बा डाँडामा प्याराग्लाइडिङ एक्युरेसी च्याम्पियनशिपको उद्घाटन गर्नुभयो**

मुख्यमन्त्री प्रेम सिंह तामाङले आज पाक्योङको थुम्की र अम्बा डाँडामा पहिलो रिनाक सिक्किम प्याराग्लाइडिङ एक्यूरेसी च्याम्पियनशिप २०२६ को उद्घाटन गर्नुभयो।

श्री तामाङले प्याराग्लाइडिङ साहसिक कार्यका लागि सहभागीहरूलाई आधिकारिक रूपमा झण्डा देखाएर यस क्षेत्रमा साहसिक खेलकुद र इको-टुरिज्मको भावनालाई प्रोत्साहन गर्नुभयो ।

यसका साथै, उहाँले साहसिक खेलको प्राविधिक पक्षहरूमा अधिकारी र पर्यवेक्षकहरूसँग कुराकानी गर्नुभयो। यसरी नै मुख्यमन्त्रीले यसको सम्भाव्यता, सुरक्षा मापदण्ड तथा यस क्षेत्रमा दिगो व्यापार अनि रोजगारीका अवसरहरूको सम्भावनाबारे जायजा पनि लिनुभयो।

## सिक्किम सरकारले पाक्योङ र सोरेङलाई नगर पञ्चायतको रूपमा अधिसूचित गऱ्यो

सिक्किम सरकारले आधिकारिक रूपमा पाक्योङ र सोरेङलाई नगर पञ्चायतको रूपमा अधिसूचित गरेको छ। यो राज्यको शहरी शासन ढाँचामा एउटा महत्वपूर्ण कदम हो।

सिक्किम सरकार, शहरी विकास विभागद्वारा जारी गरिएको विशिष्ट राजपत्र अधिसूचना अनुसार, सिक्किम नगरपालिका ऐन, २००७ को धारा ६ र ७ को प्रावधान अन्तर्गत यो निर्णय गरिएको हो।

## आधारमा बायोमेट्रिक अनिवार्य रूपमा अपडेट गर्न  सूचित

माता-पिता/अभिभावक/विद्यार्थीहरू क्रमशः ५देखि ७ वर्ष र १५ देखि १७ वर्ष उमेर समूहका बालबालिकाको आधारमा अनिवार्य रूपमा बायोमेट्रिक अपडेट पूरा गर्न आग्रह गरिएको छ। यस प्रक्रियाको क्रममा, बालकको फोटो, सबै दश औँलाको छाप र दुवै आइरिस स्क्यान गरिन्छ।

अहिलेसम्मको बायोमेट्रिक सुविधाहरू भएको आधारले स्कूल भर्ना, प्रवेश परीक्षाको लागि दर्ता, छात्रवृत्तिको लाभ उठाउने आदि जस्ता सेवाहरू प्राप्त गर्न आधारको निर्बाध प्रयोग गर्दछ।

आधारमा बालबालिकाको बायोमेट्रिक डेटाको शुद्धता कायम राख्नका लागि बायोमेट्रिक अपडेट समयमै अनिवार्य रूपमा पूरा गर्नुपर्नेछ। आधारमा बायोमेट्रिक्स अपडेट आफ्नो नजिकैको आधार केन्द्रमा गर्नसक्नेछन्।

## निया मङ्गजिङमा असल स्वच्छता र असल उत्पादन अभ्यास सम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न

निया मङ्गजिङस्थित ग्राम प्रशासन केन्द्रको प्रेक्षा गृहमा असल स्वच्छता अभ्यास र असल उत्पादन अभ्यास सम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो। सिक्किम दुग्ध संघ (Milk Union)-द्वारा आयोजना गरिएको यो प्रशिक्षण कार्यक्रम राष्ट्रीय कार्यक्रमअन्तर्गत दूग्ध विकासका लागि वित्तीय सहयोगमा सम्पन्न गरिएको थियो।

प्रशिक्षण कार्यक्रमको उद्देश्य आधुनिक वैज्ञानिक दूग्ध उत्पदान अभ्यासहरूको बारेमा जागरूकता ल्याउनु र स्वच्छ दूग्ध उत्पादनलाई प्रवर्द्धन गर्नु थियो। सिक्किम दूग्ध संघका अध्यक्ष वाई.के. मिश्राको प्रमुख आथित्यमा सम्पन्न कार्यक्रममा प्रबन्ध निर्देशक डा. टी.बी. घतानी स्थानीय वार्ड तथा जिल्ला

पञ्चायतहरू, सम्बन्धित विभागीय अधिकारीगण र नाम्ची जिल्ला अन्तर्गत विभिन्न दूग्ध उत्पदान समितिका प्रतिनिधित्व गर्ने १०० जना भन्दा बढी दूग्ध किसानहरू पनि उपस्थित थिए। कार्यक्रममा चारजना प्रगतिशील दुग्ध किसानहरूलाई नि:स्वार्थ सेवा र दुग्ध क्षेत्रमा बहुमूल्य योगदान पुऱ्याएकोमा सम्मान पनि जनाए।

## ११ औँ अखिल भारतीय मुख्यमन्त्री गोल्ड कप फुटबल फाइनलमा नोङ्क्सेह स्पोर्टिङ क्लब शिलोङ प्रवेश

जोरथाङ फुटबल रंगशालामा भइरहेको ११ औँ अखिल भारतीय मुख्यमन्त्री गोल्ड कप फुटबल प्रतियोगिताको फाइनलमा **नोङ्क्सेह स्पोर्टिङ क्लब शिलोङ** प्रवेश गरेको छ।

आज खेलिएको पहिलो सेमिफाइनल खेलमा **नोङ्क्सेह स्पोर्टिङ क्लब शिलोङ**ले घरेलु टीम **रेड पाण्डा फुटबल क्लब**लाई एक गोलले पराजित गरेको छ।

दोस्रो सेमिफाइनल खेल सोमबार **बीएसएफ जालन्धर** र **सुदेवा दिल्ली फुटबल क्लब**बीच खेलिनेछ। यस प्रतियोगिताको फाइनल खेल आगमी जनवरी २२ मा हुनेछ। यो प्रतियोगिता जोरथाङ फुटबल संघले सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभाग, सिक्किम फुटबल संघ र माघे संक्रान्ति मेला आयोजक समितिको सहकार्यमा आयोजना गरिरहेको छ।

**प्रादेशिक समाचार पुरा भयो।**